नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

नेपाल मानव अधिकार संगठन (HURON)

वार्षिक कार्यसम्पादन (प्रगति) प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३

महासचिवको प्रतिवेदन

१. प्रस्तावना

नेपाल मानव अधिकार संगठन (HURON) नेपालको पहिलो मानव अधिकार संस्थाका रूपमा सन् १९८८ (वि.सं. २०४५) मा स्थापना भएको गैरसरकारी तथा गैरनाफामूलक संस्था हो । स्थापना कालदेखि नै संगठनले मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, लोकतान्त्रिक मूल्य-मान्यताको विकास, सामाजिक न्याय र विधिको शासनका लागि निरन्तर योगदान पुऱ्याउँदै आएको छ ।

संगठनले मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन तथा अभिलेखीकरण, पीडितलाई कानुनी सहायता, नीति पैरवी र संवादमार्फत राज्य तथा सरोकारवालालाई जवाफदेही बनाउन पहल गर्दै आएको छ ।

आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिएका कार्यक्रम तथा गतिविधि, उपलब्धि, चुनौती र सिकाइलाई समेटेर यो वार्षिक कार्यसम्पादन (प्रगति) प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनले संगठनको कार्यसम्पादन र मानव अधिकारप्रतिको प्रतिबद्धता प्रस्तुत गर्दै आगामी कार्यदिशा स्पष्ट गर्ने उद्देश्य राखेको छ ।

२. संस्थागत परिचय :

- **संस्थाको नाम:** नेपाल मानव अधिकार संगठन (HURON)
- **स्थापना वर्ष:** २०४५
- **कानुनी हैसियत:** गैर-राजनीतिक, गैरनाफामूलक संस्था
- **कार्य क्षेत्र:** संघीय, प्रदेश तथा स्थानीय तह (७७ जिल्ला)

नेपालमा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्मान सुनिश्चित गर्दै लोकतान्त्रिक प्रक्रिया, विधिको शासन र सामाजिक न्यायलाई सुदृढ बनाउनु संगठनको मुख्य उद्देश्य हो । यस उद्देश्य अन्तर्गत संगठनले निम्न क्षेत्रमा आर्थिक वर्ष २०८२/०८३ मा काम गरेको छ :

- मानव अधिकार उल्लङ्घनको अनुगमन, दस्तावेजीकरण तथा वकालत,
- लोकतान्त्रिक प्रक्रिया र संस्कृतिको सुदृढीकरण,
- शान्तिपूर्ण द्वन्द्व समाधान तथा संवाद प्रवर्द्धन,
- शरणार्थी, महिला, बालबालिका, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण,
- दण्डहीनता अन्त्य तथा कानुनी सुधारका लागि नीतिगत वकालत,

- मानव अधिकार शिक्षा र नागरिक सचेतना अभिवृद्धि,
- निशुल्क कानूनी सहायता ।

३. प्रमुख कार्यक्रम तथा गतिविधिहरू :

३.१. मानव अधिकार संरक्षण तथा पैरवी :

यस शीर्षकअन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा संगठनले मानव अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि सार्वजनिक बिज्ञप्ति, अपिल, घटनाको अनुगमन, पीडितलाई सहयोग, कानुनी सहायता, पैरवी तथा सम्बन्धित निकायसँगको समन्वयलगायत विभिन्न गतिविधिहरू सञ्चालन गरेको थियो । प्रमुख गतिविधिहरू देहायबमोजिम रहेका छन:

- २०८२ श्रावण २१: मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ संशोधन गरी बहुविवाहलाई कानुनी मान्यता दिने प्रयासको विरोधमा विनु यादव २०८२ श्रावण १६ गतेदेखि माइतीघर मण्डला, काठमाण्डौमा आमरण अनशनमा बस्नुभएको थियो । बहुविवाहलाई कुनै पनि अवस्थामा कानुनी मान्यता दिन नहुने मागसहित संगठनले नेपाल सरकार, कानुन मन्त्रालय तथा सम्बन्धित निकायहरुसँग आवश्यक संवाद र पहल गरेको थियो । संगठनको पहलमा बहुविवाहलाई कानुनी मान्यता दिने गरी विधेयक संसदमा प्रस्तुत नगर्ने विषयमा सहमति गराउन र विभागीय मन्त्रीमार्फत अनशन अन्त्य गराउन सहजीकरण गरिएको ।
- (बिज्ञप्ति) २०८२ श्रावण २६: "कारागार कार्यालयको सुरक्षा र मानवअधिकार सम्बन्धमा" – कैलाली कारागारमा कैदीबन्दीबीच भएको झडप, एक जनाको मृत्यु तथा कैदीबन्दी घाइते भएको घटनाप्रति संगठनले गम्भीर ध्यानाकर्षण गराउँदै कारागारको सुरक्षा व्यवस्था, बन्दीहरूको मानव अधिकार तथा जिम्मेवार निकायको जवाफदेहिताको सम्बन्धी विषय उठान गरेको र संगठनको जिल्ला शाखाले घटनाको अनुगमन गरेको ।
- २०८२ भदौ ७: न्यायको माग गर्दै आन्दोलनरत ३० जना न्यायपीडित महिला तथा चेलीबेटीहरूको सहभागितामा नेपाल मानव अधिकार संगठनले तीजको दर खाने कार्यक्रम आयोजना गरेको थियो

। कार्यक्रममार्फत पीडित महिलाहरूप्रति ऐक्यबद्धता व्यक्त गर्दै आपसी सद्भाव र मनोबल अभिवृद्धिमा सहयोग पुऱ्याइएको ।

- (बिज्ञप्ति) २०८२ भदौ २३: "मानव अधिकारको संरक्षण, शान्ति सुरक्षाको प्रत्याभूति गर्न अपिल" – जेन्जी समूहको आह्वानमा भएको शान्तिपूर्ण आन्दोलनको क्रममा भएको हिंसात्मक बलप्रयोग लगायतका गतिविधीहरु कारण युवा विद्यार्थीहरुको मृत्यु र अंगभंग भएको घटनाप्रति चिन्ता व्यक्त गर्दै शान्ति सुरक्षा कायम गर्न, जीउधनको रक्षा गर्न, सम्बन्धित घटनाको निष्पक्ष रुपले छानबिन गर्न र जस्तो सुकै प्रतिकुल परिस्थितिमा पनि मानव अधिकारको सम्मान र संरक्षण गर्न सम्बद्ध सबै समक्ष संगठनले अपिल गरेको ।
- २०८२ भदौ २३: जेनजी आन्दोलनको पहिलो दिन काठमाडौंको नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि भएको गोली प्रहारबाट २३ जना नागरिकको मृत्यु भएको घटनापछि संगठनले घटनास्थलको अनुगमन गर्नुका साथै घाइतेहरूको उपचारमा सहयोग र उपचारका लागि रक्त संकलनजस्ता मानवीय कार्यमा सक्रिय सहभागिता जनाएको ।
- २०८२ भदौ २४: जेनजी आन्दोलनका क्रममा देशका विभिन्न स्थानमा भएका तोडफोड तथा आगजनीका घटनाहरूको संगठनले अनुगमन गरेको थियो । साथै, संवेदनशील स्थानहरूमा आगजनी हुन नदिन सम्बन्धित पक्षलाई अनुरोध गर्दै रोकथामका लागि पहल गरेको थियो । संगठनका जिल्ला शाखाहरूले समेत देशभरका विभिन्न स्थानमा भएका घटनाहरूको अनुगमन गरी केन्द्रीय कार्यालयमा प्रतिवेदन पठाइएको ।
- (बिज्ञप्ति) २०८२ भदौ २६: "संविधानको वैधानिकता कायमका लागि" – देशमा व्याप्त भ्रष्टाचार, कुशासन तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको अनुचित बन्देजका कारण उत्पन्न असन्तुष्टि र आन्दोलनको सन्दर्भमा संविधानको वैधानिकता, लोकतान्त्रिक मूल्य-मान्यता, विधिको शासन तथा मानव अधिकारको संरक्षण गर्नुपर्ने विषयमा संगठनले आफ्नो धारणा सार्वजनिक गरेको ।
- (बिज्ञप्ति) २०८२ असोज ९: "मानव अधिकार उल्लङ्घनप्रति नेपाल मानव अधिकार संगठनको गम्भीर ध्यानाकर्षण तथा कारबाहीको माग" शीर्षकमा वक्तव्य जारी गर्दै मानव अधिकार

उल्लङ्घनका घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायसँग माग गरिएको ।

- २०८२ कात्तिक २९: जेनजी आन्दोलनका उद्देश्यअनुरूप सरकारको नीति तथा कार्यक्रम अघि नबढेको भन्दै माग सम्बोधनका लागि युवा अभियन्ता यादव सिंह २०८२ कात्तिक २५ गतेदेखि माइतीघर मण्डलामा आमरण अनशनमा बसेका थिए । उहाँका मागप्रति ऐक्यवद्धता जनाउँदै नेपाल मानव अधिकार संगठनको नेतृत्वले प्रधानमन्त्री, गृहमन्त्रीलगायत सम्बन्धित सरकारी पक्षसँग आवश्यक पहल तथा समन्वय गरेको थियो । संगठनको पहलमा अनशनको एघारौं दिनमा उहाँले अनशन तोड्नुभएको थियो । साथै, उहाँको जीवन रक्षा, स्वास्थ्य उपचार तथा मागहरूको न्यायोचित सम्बोधनका लागि संगठनले सरकारसँग आग्रह गरेको ।
- (बिज्ञप्ति) २०८२ मंसिर २: "मृत्युदण्ड विरुद्धको अपिल" – बंगलादेशका पूर्वप्रधानमन्त्री शेख हसिना वाजेद तथा तत्कालीन गृहमन्त्री असदुज्जमान खानलाई मृत्युदण्डको सजाय सुनाइएको समाचारप्रति ध्यानाकर्षण गराउँदै संगठनले मृत्युदण्ड मानव अधिकार तथा मानवीय मूल्य मान्यता एवं समग्र मानव सभ्यताविरुद्धको कार्य भएको उल्लेख गरेको । साथै, मृत्युदण्ड रोक्न तथा सम्बन्धित व्यक्तिहरूलाई सुपुर्दगी नगर्न सरोकारवाला निकाय समक्ष अपिल गरेको ।
- २०८२ मंसिर ४: "भ्रष्टाचारीलाई कारबाही र सम्भावित खतरा रोक्न आह्वान" – भ्रष्टाचार, कुशासन तथा राज्यका स्रोत-साधनको दुरुपयोगप्रति चिन्ता व्यक्त गर्दै संगठनले भ्रष्टाचारमा संलग्न व्यक्ति तथा पदाधिकारीमाथि निष्पक्ष छानबिन र कानुनी कारबाही गर्न आग्रह गरेको । साथै, संक्रमणकालीन अवस्थालाई थप अस्थिर बनाउने सम्भावित गतिविधि रोक्न सम्बन्धित पक्षलाई आह्वान गरेको ।
- २०८२ मंसिर २७: बलात्कार पीडित दैलेख निवासी सहारा शाहीले न्यायको माग गर्दै पटकपटक आमरण अनशन बसेको अवस्थामा नेपाल मानव अधिकार संगठनले उहाँको जीवन रक्षा, उपचार तथा न्याय प्राप्तिका लागि निरन्तर पहल र समन्वय गरेको थियो । संगठनको नेतृत्वले अनशनस्थलबाट उपचारका लागि अस्पताल लैजान सहजीकरण गर्नुका साथै घटनामा संलग्न भनिएका पूर्वप्रहरीलाई भारतबाट पक्राउ गरी कानुनी कारबाही अघि बढाउने प्रक्रियामा सम्बन्धित

निकायसँग समन्वय तथा कानुनी सहायता प्रदान गरेको थियो । संगठनको पहलपछि उहाँको अनशन अन्त्य गराउन तथा सहज जीवनयापनका लागि आवश्यक वातावरण बनाउन सहयोग पुगेको ।

- (बिज्ञप्ति) २०८२ पुस १७: "न्यायपालिकाको गरिमा संरक्षणका लागि अपिल" – सामाजिक सञ्जाल तथा सार्वजनिक बहसका माध्यमबाट न्यायाधीश र न्यायिक संस्थालाई लक्षित गरी भइरहेका टिप्पणी, आरोप तथा प्रचारप्रति संगठनले चिन्ता व्यक्त गरेको थियो । न्यायपालिकाको स्वतन्त्रता, गरिमा र विश्वसनीयता कायम राख्दै न्यायिक प्रक्रियाको सम्मान गर्न तथा आधारहीन आरोप र दबाबमूलक गतिविधि रोक्न संगठनले अपिल गरेको ।
- (बिज्ञप्ति) २०८२ फागुन २१: "प्रेस विज्ञप्ति" – प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको सन्दर्भमा संगठनले निर्वाचन प्रक्रियामा सहभागी मतदाता, निर्वाचन आयोग, सरकार, सुरक्षा निकाय, निर्वाचन कर्मचारी तथा पर्यवेक्षकहरूप्रति धन्यवाद व्यक्त गरेको । साथै, निर्वाचनमा देखिएका कमजोरी सुधार गर्दै लोकतान्त्रिक अभ्यासलाई थप सुदृढ बनाउनुपर्ने विषयमा ध्यानाकर्षण गराएको ।
- (बिज्ञप्ति) २०८२ फागुन २७ : नेपाल मानव अधिकार संगठनका रौतहट जिल्ला निवर्तमान अध्यक्ष धर्मेन्द्र पासवान मधेश दलित समुदायबाट प्रतिनिधित्व गर्दै राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनुभएकोमा संगठनको केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको ।
- (बिज्ञप्ति) २०८२ चैत १७: "आन्दोलन र बल प्रयोगप्रति गम्भीर चिन्ता: संयमता र न्यायिक प्रक्रियाको सम्मान गर्न नेपाल मानव अधिकार संगठनको अपिल" – निर्वाचनपश्चात् बनेको नयाँ सरकारका कदमविरुद्ध भएका आन्दोलन तथा आन्दोलन नियन्त्रणका क्रममा भएका बल प्रयोगका घटनाप्रति संगठनले गम्भीर चासो व्यक्त गरेको थियो । शान्तिपूर्ण प्रदर्शनको अधिकारको सम्मान गर्न, आन्दोलनकारीमाथि अनावश्यक बल प्रयोग नगर्न तथा अदालतमा विचाराधीन विषयमा न्यायिक प्रक्रियाको सम्मान गर्न संगठनले सम्बन्धित पक्षलाई अपिल गरेको ।

- २०८३ वैशाख ३: आफ्ना १० बुँदे माग राखी अनशनमा बसेकी धादिङकी जानुका पाठकको माग सम्बोधनका लागि नेपाल सरकारका गृहमन्त्रीसमेत अनशनस्थल पुगेर छलफल गर्दा पनि उहाँले माग सम्बोधन हुनेमा विश्वास व्यक्त गर्नुभएको थिएन । यस अवस्थामा संगठनका अध्यक्षले उहाँको कानुन व्यवसायीका रूपमा भूमिका निर्वाह गर्दै आवश्यक पहल, संवाद तथा समन्वय गरी अनशन अन्त्य गराउन सहजीकरण गर्नुभएको । उहाँको तर्फबाट उच्च अदालत पाटन तथा सर्वोच्च अदालतमा निशुल्क कानुनी वकालत गरिरहेको ।
- २०८३ वैशाख १५: जयन्ती निर्माण सेवा प्रा.लि.का सञ्चालक खगेन्द्र बुढा मगरमाथि भएको भनिएको मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको उजुरीका आधारमा नेपाल मानव अधिकार संगठनले केन्द्रीय सदस्य मधुसूदन उपाध्यायलाई सम्बन्धित व्यक्तिहरूसँग भेटघाट तथा स्थलगत अनुगमनका लागि खटाएको थियो । घटनाको निष्पक्ष छानबिन गरी पीडितलाई न्याय तथा आवश्यक कानुनी कारबाहीको माग गर्दै संगठनले रक्षा मन्त्रालयअन्तर्गतको मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखामा पत्राचार गरेको थियो। उक्त पत्राचारका आधारमा शाखाले आवश्यक कारबाहीका लागि प्रधान सेनापतिको कार्यालयलाई पत्र पठाएको जानकारी यस संगठनलाई गरेको ।
- (बिज्ञप्ति) २०८३ असार २३ : कोरियाली प्रायद्वीप तथा एसियाको लोकतान्त्रिक भविष्यका लागि अभिव्यक्ति स्वतन्त्रताको अपरिहार्यतासम्बन्धी विषयमा नेपाल मानव अधिकार संगठनले ऐक्यबद्धता वक्तव्य जारी गरेको थियो । वक्तव्यमा दक्षिण कोरियामा अभिव्यक्ति तथा सूचना प्रविधिसम्बन्धी कानुनी व्यवस्थाका कारण अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अभ्यासमा पर्न सक्ने प्रभावप्रति चिन्ता व्यक्त गर्दै स्वतन्त्र अभिव्यक्ति, प्रेस स्वतन्त्रता, सार्वजनिक बहस तथा लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षणमा जोड दिइएको ।
- आ.व. २०८२/२०८३ को अवधिमा सामाजिक न्याय, मानव अधिकार, संवैधानिक अधिकार, न्यायिक तथा राजनीतिक अधिकारका मुद्दाहरूमा केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्यालद्वारा विभिन्न राष्ट्रिय टेलिभिजन तथा अन्य सञ्चारमाध्यममा गरि कम्तिमा ३९ वटा अन्तर्वार्ता दिई सम्बन्धित विषयका त्रुटिहरूमा खबरदारी तथा सही मार्गमा चल्न-चलाउन पहल कदमी गरेको ।

३.२. लोकतान्त्रिक प्रक्रिया, नागरिक संवाद तथा संक्रमणकालीन न्याय सम्बन्धि निम्न कार्यक्रम यो आर्थिक वर्षमा संगठन बाट भयो:

- २०८२ भदौ १४: अन्तर्राष्ट्रिय बेपत्ता पारिएका व्यक्तिहरूको दिवसको अवसरमा बेपत्ता पारिएका नागरिकहरूको सम्झनामा माइतीघर मण्डलामा संयुक्त रूपमा आयोजित दीप प्रज्वलन कार्यक्रममा संगठनले सहभागिता जनाउनुका साथै मन्तव्य समेत राखेको ।
- २०८२ मंसिर २५: ७७औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेपाल मानव अधिकार संगठनको केन्द्रीय कार्यालयद्वारा लुम्बिनी प्रदेशको दाङ जिल्लामा 'परिवर्तित परिस्थितिमा मानव अधिकारको भूमिका' विषयक नागरिक छलफल कार्यक्रम आयोजना गरियो । संगठनका केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्यालको सभापतित्व तथा लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगरको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नागरिक समाज, विभिन्न क्षेत्रका प्रतिनिधि तथा सर्वसाधारणको सहभागिता रहेको थियो । साथै, भक्तपुर, ललितपुर, काठमाडौंलगायत देशभरका जिल्ला शाखाहरूले दीप प्रज्वलन कार्यक्रम आयोजना गरी दिवस मनाएको ।
- २०८२ मंसिर ५: प्रधानमन्त्री सुशीला कार्कीसँग भेट गरी जेनजी आन्दोलनका उद्देश्य, सरकारले अवलम्बन गर्नुपर्ने नीति तथा आगामी निर्वाचनलगायतका समसामयिक विषयमा नेपाल मानव अधिकार संगठनले आफ्ना धारणा प्रस्तुत गर्दै छलफल गरेको ।
- २०८२ पुस ११: मानव अधिकार, लोकतन्त्र तथा राजनीतिक दलहरूको भूमिकासम्बन्धी विषयमा नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक विश्लेषकहरूको सहभागितामा संगठनको नेतृत्वमा नागरिक छलफल कार्यक्रम आयोजना गरियो । कार्यक्रममा समसामयिक राजनीतिक अवस्था, लोकतान्त्रिक अभ्यास र मानव अधिकारका चुनौतीबारे गहन छलफल गर्दै समाधानका उपाय तथा सुझाव सरकारसमक्ष प्रस्तुत गर्ने पहल गरिएको ।
- आ.व. २०८२/२०८३ को अवधिमा निरन्तर: संक्रमणकालीन न्यायसँग सम्बन्धित हाल सर्वोच्च अदालतमा चालु अवस्थामा रहेका मुद्दाहरूमा संगठनले प्रतिनिधित्व गरी पीडित पक्षबाट वकालत

गर्ने कार्य निरन्तर गरीरहेको । साथै, पीडितको सहभागिता, सत्य, न्याय, परिपूरण तथा दण्डहीनताको अन्त्यका लागि पैरवी तथा खबरदारी गरिएको ।

३.३ सीमान्तकृत समुदायको अधिकार तथा समावेशी शासनसम्बन्धी कार्यक्रम (TFD परियोजना) अन्तर्गत निम्न कार्यक्रमहरु भएको:

- २०८२ माघ ३ गते: कोशी प्रदेशको विराटनगरमा 'सहरी सीमान्तकृत समुदाय र समावेशी शासन: नागरिकस्तरीय संवाद तथा कार्यशाला' कार्यक्रम सम्पन्न गरियो । कार्यक्रम ताइवान फाउन्डेसन फर डेमोक्रेसीको आर्थिक सहयोगमा नेपाल मानव अधिकार संगठनद्वारा आयोजना गरिएको थियो । कार्यक्रममा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यमा सहरी सीमान्तकृत समुदायका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा विषयविज्ञहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सीमान्तकृत समुदायको सार्वजनिक सेवा तथा सुविधामा पहुँच, स्थानीय शासनमा नागरिक सहभागिता, सामाजिक तथा आर्थिक समावेशिता र स्थानीय सरकारको जवाफदेहिताका विषयमा छलफल गरिएको थियो । सहभागीहरूले समुदायका सवाललाई नीति निर्माण तथा कार्यान्वयनमा समेट्न नियमित नागरिक संवादको आवश्यकता औंल्याइएको ।
- २०८२ माघ १० गते: दाङ जिल्लामा 'बादी समुदाय: शिक्षामा सीमित पहुँच तथा स्थानीय शासनमा न्यून प्रतिनिधित्व' विषयक नागरिक छलफल कार्यक्रम सम्पन्न गरियो । कार्यक्रम नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्यालको सभापतित्वमा तथा माननीय लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगरको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, नागरिक समाज, महिला अधिकारकर्मी, कानुन व्यवसायी, सञ्चारकर्मी तथा बादी समुदायका महिला र युवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा बादी समुदायको शिक्षा, सामाजिक तथा आर्थिक अवस्था, स्थानीय शासनमा प्रतिनिधित्व र अधिकारमा पहुँचका विषयमा छलफल गर्दै समुदायका आवाजलाई नीति निर्माण तहसम्म पुऱ्याउने आवश्यकता औंल्याइएको ।

- २०८२ माघ २० गते: सुदूरपश्चिम प्रदेशको धनगढीमा 'थारू समुदाय तथा समावेशी लोकतन्त्र: सांस्कृतिक र राजनीतिक सहभागितासम्बन्धी संवाद' कार्यक्रम सम्पन्न गरियो। कार्यक्रम नेपाल मानव अधिकार संगठनका सुदूरपश्चिम प्रदेश संयोजक दिनेशराज जैसीको सभापतित्वमा तथा सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री माननीय हिरा सार्कीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा थारू समुदायका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा थारू समुदायको सांस्कृतिक पहिचान, आदिवासी अधिकार, स्थानीय शासन तथा लोकतान्त्रिक प्रक्रियामा राजनीतिक सहभागिताका सवालमा छलफल गर्दै समुदायको अधिकार तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न जोड दिइएको थियो ।
- २०८२ माघ २२ गते: कर्णाली प्रदेशको सुर्खेत जिल्लामा 'कर्णालीमा दलित तथा महिलाका अधिकार: हिंसा र बहिष्करण' विषयक कार्यशाला कार्यक्रम सम्पन्न गरियो। कार्यक्रम नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्यालको सभापतित्वमा तथा सुर्खेत जिल्ला अदालतका जिल्ला न्यायाधीश डा. राजेन्द्र कुमार आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रममा जिल्ला प्रशासन, सुरक्षा निकाय, कानुन व्यवसायी, नागरिक समाज तथा दलित र महिला समुदायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा दलित तथा महिलामाथि हुने विभेद, लैङ्गिक हिंसा, सामाजिक बहिष्करण तथा स्थानीय निर्णय प्रक्रियामा सहभागिताका सवालमा छलफल गर्दै सामाजिक समावेशिता र न्यायमा पहुँच अभिवृद्धि गर्ने विषयमा जोड दिएको ।
- २०८३ वैशाख ९ गते: काठमाडौंमा 'सीमान्तकृत आवाजहरूको सशक्तीकरण: नेपालमा लोकतन्त्रका लागि नागरिक समाजको नेतृत्वमा पैरवी पहल' अन्तर्गत केन्द्रस्तरीय नागरिक संवाद कार्यक्रम सम्पन्न गरियो। कार्यक्रम नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्यालको सभापतित्वमा तथा माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रममा इन्सेकका अध्यक्ष विजय राज गौतम, राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारी खरेल, निर्वाचन आयोगका प्रतिनिधि उषा गजमेर, नेपाल पत्रकार महासंघका अध्यक्ष

निर्मला शर्मा, नागरिक समाजका अगुवा, मानव अधिकारकर्मी, कानुन व्यवसायी, सञ्चारकर्मी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्थानीय तहमा सम्पन्न संवाद तथा कार्यशालाबाट प्राप्त निष्कर्ष र कार्ययोजनाहरू प्रस्तुत गर्दै सीमान्तकृत समुदायका सवाललाई राष्ट्रिय नीति तथा निर्णय प्रक्रियामा समेट्ने, निर्वाचनलाई समावेशीपूर्ण तथा भयमुक्त बनाउने र लोकतान्त्रिक प्रक्रियालाई सुदृढ गर्ने विषयमा छलफल गरिएको ।

३.४. स्वच्छ निर्वाचन तथा निर्वाचन पर्यवेक्षण सम्बन्धि निम्न कार्यक्रमहरु भएको:

- २०८२ पुस २४: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र नेपाल मानव अधिकार संगठन (हुरोन) को संयुक्त आयोजनामा काठमाडौंमा 'लोकतन्त्रको स्थायित्वका लागि निर्वाचन र सहभागिता' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल, इन्सेकका अध्यक्ष विजयराज गौतम, जेनजी प्रतिनिधि, मानव अधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । छलफलमा लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि आवधिक निर्वाचनको आवश्यकता, स्वच्छ तथा भयरहित निर्वाचनको वातावरण, युवा तथा महिला सहभागिता, निर्वाचन सुरक्षा, सूचनाको विश्वसनीयता र निर्वाचन पर्यवेक्षणका विषयमा विचारविमर्श गरिएको थियो। सहभागीहरूले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, समावेशी र विश्वसनीय बनाउन सरकार, निर्वाचन आयोग, नागरिक समाज तथा मानव अधिकारकर्मीहरूको सक्रिय भूमिका आवश्यक रहेकोमा जोड दिएका थिए ।
- २०८२ फागुन २१ गते: प्रतिनिधिसभा निर्वाचन २०८२ को मतदानमा निर्वाचन पर्यवेक्षण गरिएको थियो । संगठनले पूर्वनिर्वाचन, मतदान दिवस तथा निर्वाचनपश्चातका गतिविधिहरूको अनुगमन तथा पर्यवेक्षण गर्ने क्रममा सातै प्रदेशका ७० भन्दा बढी जिल्लाका ३१२ मतदानस्थल/केन्द्रमा पर्यवेक्षण गरेको ।
- २०८२ चैत १९ गते: निर्वाचन पर्यवेक्षणबाट प्राप्त निष्कर्षका आधारमा निर्वाचन पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गरी मतदाता शिक्षा, स्थानीय भाषामा सूचना, पहुँचयोग्यता, समावेशिता,

निर्वाचन खर्चको पारदर्शिता, मत खरिद नियन्त्रण तथा अनलाइन भ्रामक सूचनाको नियन्त्रण सम्बन्धी सुझाव प्रस्तुत गरिएको ।

- २०८२ चैत २९ : तोकिएको समयावधिभित्र देशभर प्रतिनिधिसभा निर्वाचन सम्पन्न गरेकोमा नेपाल मानव अधिकार संगठन र इन्सेकको संयुक्त पहलमा सञ्चालित 'स्वच्छ निर्वाचनका लागि नागरिक अभियान' का तर्फबाट निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गरिएको थियो । साथै, निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न तथा आफ्नो जिम्मेवारी निर्वाह गर्नुभएकोमा तत्कालीन मा. गृहमन्त्री ओमप्रकाश अर्याललाई धन्यवाद पत्रसमेत प्रदान गरिएको ।
- आ.व. २०८२/२०८३ को अवधिमो : मिति २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी तथा विश्वसनीय बनाउन नेपाल मानव अधिकार संगठन (हुरोन) ले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग सहकार्य गरी 'स्वच्छ निर्वाचनका लागि नागरिक अभियान' सञ्चालन गरेको ।

३.५. न्यायिक जवाफदेहिता तथा कानुनी पैरवी सम्बन्धि संगठनबाट भएका कार्यहरु:

- २०८२ भदौ ४: कञ्चन शाह मानव अधिकार पीडित महिलाको पक्षबाट संगठनले उनीविरुद्ध ज्यादती गर्ने संग नाता कायम हुनेगरी काठमाडौँ जिल्ला अदालतबाट फैसला भई न्याय प्राप्त भएको ।
- २०८२ फागुन २९ गते : सर्लाहीको लालबन्दी नगरपालिका-१ स्थित लखनदेही जङ्गल नजिकै २०७६ असार ५ गते तत्कालीन ने.क.पा. नेत्रविक्रम चन्द समूहका बागमती इन्चार्ज कुमार पौडेलको प्रहरी मुठभेडका नाममा हत्या भएको घटनामा न्याय र मानव अधिकारको रक्षार्थ निजकी आमा दुर्गादेवी पौडेलले नेपाल मानव अधिकार संगठनसँग सहयोगको अनुरोध गर्नुभएको थियो । जिल्ला प्रहरी कार्यालय सर्लाहीमा घटनामा संलग्न दोषीहरू विरुद्ध जाहेरी दर्ता गर्न इन्कार भएपछि संगठनको सहयोगमा दुर्गादेवी पौडेल निवेदक भई २०७६ मङ्सिर १२ गते सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण तथा परमादेशको रिट निवेदन दायर गरिएको थियो। उक्त रिट निवेदनमा सर्वोच्च अदालतको संयुक्त इजलासबाट २०८२ फागुन २९ गते फैसला भई मृतक कुमार पौडेलको हत्यामा संलग्न उच्च पदस्थ व्यक्ति, प्रहरी प्रमुख तथा प्रमुख जिल्ला अधिकारी लगायत माथि

अनुसन्धान गर्न आदेश जारी भयो । यस फैसलाले न्यायिक जवाफदेहिता तथा मानव अधिकार संरक्षणका लागि संगठनले गरेको निरन्तर कानुनी पैरवीलाई महत्वपूर्ण उपलब्धिका रूपमा स्थापित गरेको ।

३.६. शरणार्थी तथा कानुनी सहायता सम्बन्धि कार्यक्रमहरु:

- २०८२ श्रावण २६: नेपाल मानव अधिकार संगठन (हुरोन) मा सम्पर्कमा आएका तिब्बती शरणार्थी टासी तेन्जिङ र उनका दाजु निमा छेरिङलाई अमेरिकामा रहेकी आफ्नी आमासँग पारिवारिक पुनर्मिलन कार्यक्रम (I–७३० Relative Petition) अन्तर्गत अमेरिका जान आवश्यक ट्राभल डकुमेन्टको अभाव भएको विषयमा संगठनले सहजीकरणका लागि पहल गरेको थियो । नेपालमा जन्मिएका उनीहरूसँग तिब्बती सेटलमेन्ट क्याम्पले उपलब्ध गराएको परिचयपत्र बाहेक अन्य परिचयपत्र नभएको र सोही कारण अमेरिका जान आवश्यक यात्रा कागजात प्राप्त गर्न कठिनाइ भएको उल्लेख गर्दै संगठनले आवश्यक सहयोग तथा समन्वय गरिदिन गृह मन्त्रालयलाई पत्राचार गरेको थियो । साथै, तिब्बती शरणार्थीहरूको सुरक्षित आवागमन तथा पारिवारिक पुनर्मिलनका लागि UNHCR र नेपाल सरकारबीच भएको भद्र सहमतिको कार्यान्वयनमा समेत संगठनले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको ।
- २०८२ चैत २०: पाकिस्तानी मूलका शरणार्थी परिवारका सदस्यहरू इमरान भट्टी, नादिया इमरान, शेकिनाह इलोहिम र खिलकिया खिलकिया लगायत ५४ जनाको सुरक्षित प्रस्थान, अध्यागमन अनुमति तथा क्यानडातर्फको यात्रासम्बन्धी विषयमा नेपाल मानव अधिकार संगठनको सहयोगमा सम्मानित सर्वोच्च अदालतमा परमादेशको माग गर्दै रिट निवेदन दायर गरिएको थियो। शरणार्थी संरक्षण, सुरक्षित आवागमन तथा मानवीय मर्यादाको सुनिश्चितताका लागि गरिएको उक्त कानुनी पहल संगठनको शरणार्थी अधिकार संरक्षणसम्बन्धी महत्वपूर्ण प्रयासका रूपमा रहेको ।
- २०८३ असार ३१: धादिङ जिल्ला, ज्वालामुखी गाउँ विकास समिति-७ निवासी जनुका पाठकको वैध अमेरिकी भिसा रहेको राहदानी हराएको/चोरी भएको विषयमा नेपाल मानव अधिकार

संगठनले काठमाडौं स्थित अमेरिकी दूतावासको कन्सुलर शाखालाई पत्राचार गरी नयाँ राहदानी तथा भिसासम्बन्धी प्रक्रिया अघि बढाउन आवश्यक सहजीकरणका लागि अनुरोध गरेको ।

३.७. सार्वजनिक सचेतना, युवा सहभागिता लगायतका राष्ट्रिय-अन्तर्राष्ट्रिय संलग्नता

- २०८२ श्रावण ९ : नेपाल मानव अधिकार संगठनको आयोजनामा काठमाडौंको लाजिम्पाटस्थित नेपाली चुलो होटलमा 'लोकतन्त्र र सङ्क्रमणकालीन न्याय' विषयक बृहत् नागरिक छलफल कार्यक्रम आयोजना गरिएको थियो। संगठनका अध्यक्ष इन्द्रप्रसाद अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा संगठनका पूर्वअध्यक्षहरू सुदीप पाठक र चरण प्रसाईं तथा नागरिक समाजका केदार नरसिंह के.सी. लगायतले मन्तव्य व्यक्त गर्नुभएको र कार्यक्रममा करिब २५० जनाको सहभागिता रहेको ।
- २०८२ भदौ ४: नेपाल मानव अधिकार संगठनका संस्थापक महासचिव तथा नेपाली कांग्रेसका नेता प्रदीप गिरीको तेस्रो स्मृति दिवसका अवसरमा संगठनको केन्द्रीय कार्यालयस्थित बैठक कक्षमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरी उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको ।
- २०८२ मंसिर ७: नेपाल मानव अधिकार संगठन, काठमाडौं जिल्ला शाखाको अधिवेशन संगठनको विधान, २०५३ बमोजिम आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्ने उद्देश्यले केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंमा सम्पन्न भएको थियो । अधिवेशनले होमप्रसाद खड्गीलाई शाखा सभापतिमा निर्विरोध निर्वाचित गर्नुका साथै उपसभापतिमा रूपक फुयाँल र रूपेन्द्र बरुवाज थापा, सचिवमा ऋषिकेश श्रेष्ठ, कोषाध्यक्षमा सुरेश राज गिरी तथा सदस्यहरूमा प्रमिला लम्साल, अम्बिका श्रेष्ठ, कपिला रेग्मी, अमित थापा, भूपाल घले र सुमन शाहीलाई चयन गरेको थियो । कार्यक्रममा संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल, महासचिव कल्याण पोखरेल, उपमहासचिव जनकराज शर्मा, कोषाध्यक्ष टीका डाँगी, केन्द्रीय सदस्यहरू तथा काठमाडौं शाखाका पदाधिकारी र सदस्यहरूको उपस्थिति रहेको ।

- २०८२ पुस २: संयुक्त राष्ट्रसंघ दिवसको ७०औँ वार्षिकोत्सवका अवसरमा २०८२ पुस २ गते (१७ डिसेम्बर २०२५) ललितपुरको पुल्चोकस्थित संयुक्त राष्ट्रसंघ भवनमा आयोजित समारोहमा नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल लाई आमन्त्रण गरिएको थियो । उक्त कार्यक्रममा संगठनको सहभागिताले संयुक्त राष्ट्रसंघ तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सरोकारवालाहरुसँगको संस्थागत सम्बन्ध र संलग्नतालाई थप सुदृढ गर्ने अवसर प्रदान गरेको ।
- २०८२ फागुन १५: धनुषाको जनकपुरधाममा 'लोकतन्त्रको स्थायित्वका लागि निर्वाचन र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम तथा मधेश प्रदेश भेला आयोजना गरिएको थियो। उक्त कार्यक्रमले लोकतान्त्रिक प्रक्रियामा नागरिक समाज, राजनीतिक दल, प्रशासन तथा अन्य सरोकारवालाको भूमिका र जिम्मेवारीबारे छलफल गर्ने अवसर प्रदान गरेको ।
- २०८२ चैत १८: दक्षिण अफ्रिकाको जोहानेसबर्गस्थित Constitution Hill Human Rights Precinct मा आयोजित आठौँ वार्षिक मानव अधिकार महोत्सवमा नेपाल मानव अधिकार संगठनको सहभागिता रहेको थियो । कार्यक्रममा संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल, कोषाध्यक्ष टीका डाँगी, केन्द्रीय सदस्य मधुसूदन उपाध्याय तथा सदस्य निरञ्जन पाण्डे सहभागी हुनुभएको थियो। उक्त कार्यक्रममा तत्कालीन दक्षिण अफ्रिकाका लागि नेपाली राजदूत तथा संगठनका पूर्वअध्यक्ष प्राध्यापक कपिल श्रेष्ठ तथा उहाँकी पत्नी मेनका श्रेष्ठको सहयोग र समन्वय रहेको थियो । यस सहभागिताले मानव अधिकारका राष्ट्रिय सवाललाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने तथा विभिन्न देशका मानव अधिकारकर्मीसँग अनुभव र विचार आदानप्रदान गर्ने अवसर प्रदान गरेको ।
- २०८२ चैत २४: लोकतान्त्रिक प्रणाली, मानव अधिकार तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा नेपाल मानव अधिकार संगठन (हुरोन) को अनामनगरस्थित केन्द्रीय कार्यालयमा छलफल कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा ९७ वर्षको उमेरमा समेत सक्रिय रहनुभएका मानव अधिकारवादी नेता तथा संगठनका संस्थापकहरूमध्येका एक आदरणीय नूतन थपलिया र वरिष्ठ

अधिवक्ता उपेन्द्र केशरी न्यौपानेसहितको सहभागितामा लोकतन्त्र, मानव अधिकार र समसामयिक परिस्थितिका विषयमा विचारविमर्श गरिएको ।

- २०८३ वैशाख ४: चितवनको भरतपुरमा भ्रष्टाचारविरुद्ध जागरण अभियानद्वारा आयोजित व्यङ्ग्यचित्र प्रदर्शनी तथा मन्तव्य कार्यक्रममा नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल प्रमुख अतिथिका रूपमा सहभागी भई भ्रष्टाचारविरुद्धको नागरिक जागरण, सामाजिक सचेतना तथा स्वच्छ र न्यायपूर्ण समाज निर्माणको आवश्यकताबारे मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा आयोजक संस्थाका अध्यक्ष जनक वानियाँ, ज्येष्ठ राजनीतिज्ञ भीमबहादुर श्रेष्ठ, संगठनका चितवन जिल्ला सभापति हरि अधिकारी, युवा विद्यार्थी तथा सचेत नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको ।
- २०८३ जेठ २६: John Dewey H. S. School का विद्यार्थीहरूका लागि मानव अधिकारसम्बन्धी अन्तरक्रियात्मक सिकाइ सत्र सञ्चालन गरिएको थियो । उक्त सत्रमार्फत युवा पुस्तामा मानव अधिकार, समानता, अधिकार तथा कर्तव्य र लोकतान्त्रिक मूल्य-मान्यताबारे जानकारी तथा चेतना अभिवृद्धि गर्ने उद्देश्य राखिएको ।
- २०८३ जेठ २८: कम्बोडियाका अवैध अनलाइन ठगी केन्द्र (साइबर स्क्यामिङ सेन्टर) तथा क्यासिनोहरूमा बन्धक बनाई जबर्जस्ती गैरकानुनी काममा लगाइएका नेपाली नागरिकहरूको उद्धार तथा संरक्षणका विषयमा नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल र थाईल्याण्डको लागी नेपाली राजदूत धनबहादुर ओलीबीच मानव अधिकार संवाद भएको थियो। आकर्षक रोजगारीको प्रलोभनमा परी भिजिट भिसा वा अन्य अवैध माध्यमबाट कम्बोडिया पुगेका नेपाली नागरिकहरूको राहदानी जफत गरी गैरकानुनी गतिविधिमा संलग्न गराउने गरिएको अवस्थाबारे संवादमा छलफल गरिएको थियो । परराष्ट्र मन्त्रालय तथा बैंककस्थित नेपाली दूतावासको सक्रियतामा ८६० जनाभन्दा बढी नेपाली नागरिकको उद्धार गरी स्वदेश फर्काएको सन्दर्भमा विदेशमा समस्यामा परेका नेपाली नागरिकको सुरक्षा, उद्धार तथा मानव अधिकार संरक्षणका लागि आवश्यक पहल र समन्वयको विषयमा जोड दिएको ।

- २०८३ जेठ ३०: थाइल्यान्डमा आयोजित ब्क्ष्ब क्फउयकष्फ २०२६ मा नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल सहभागी हुनुभएको थियो । उक्त अन्तर्राष्ट्रिय कार्यक्रममा संगठनको सहभागिताले मानव अधिकारका राष्ट्रिय सरोकारलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संवादसँग जोड्नुका साथै विभिन्न देशका प्रतिनिधिहरूसँग अनुभव, विचार तथा अभ्यास आदानप्रदान गर्ने अवसर प्रदान गरेको ।
- २०८३ असार २२: विगतका वर्षहरुमाझै यस वर्ष पनि धर्मगुरु श्री दलाई लामाको ९१औं जन्मोत्सवका अवसरमा २०८३ असार २२ गते (६ जुलाई २०२६) काठमाडौंको स्वयम्भूस्थित नाम्स्याल मिडिल बोर्डिङ स्कुलमा आयोजित जन्मोत्सव समारोहमा सहभागी हुन नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्रप्रसाद अर्याल जानु भएको थियो । तिब्बती समुदाय तथा विशिष्ट अतिथिहरूसँगै आयोजित उक्त समारोहमा भएको आफ्नो सहभागितालाई अध्यक्षज्यूले शान्ति, करुणा, मानव अधिकार तथा विश्वव्यापी सद्भावका विषयमा ऐक्यवद्धता व्यक्त गर्ने अवसरका रूपमा लिनुभएको ।

४. प्रमुख उपलब्धिहरू :

- मानव अधिकार संरक्षण तथा पैरवीमा संगठन स्थापना कालदेखि निरन्तर योगदान ।
- स्वच्छ निर्वाचन र लोकतान्त्रिक अभ्यासको प्रवर्द्धनमा सहयोग तथा सुदृढीकरण ।
- मानव अधिकार उल्लङ्घनविरुद्ध संस्थागत पैरवी ।
- महिला तथा सीमान्तकृत समुदायको अधिकार र न्यायमा पहुँचका लागि पहल ।
- मानव अधिकार शिक्षा तथा जनचेतना अभिवृद्धि ।
- न्यायिक जवाफदेहिता र दण्डहीनताको अन्त्यका लागि पहल तथा योगदान ।

५. प्रमुख चुनौतीहरू :

- सीमित आर्थिक तथा प्राविधिक स्रोत ।
- दुर्गम क्षेत्रमा पहुँच तथा कार्यक्रम सञ्चालनमा कठिनाइ ।

- राजनीतिक तथा प्रशासनिक चुनौती

६. सिकाइ तथा अनुभव :

- समुदायस्तरको सहभागितालेे कार्यक्रम प्रभावकारी बनाउँछ ।
- सहकार्य र समन्वयले दिगो परिणाम हासिल गर्न मद्दत गर्छ ।
- निरन्तर पैरवी र अनुगमन मानव अधिकार संरक्षणका लागि आवश्यक छन् ।

७. भावी योजना तथा सिफारिस :

- प्रदेश तथा स्थानीय तहमा संगठन विस्तार ।
- कानुनी सहायता तथा मानव अधिकार अनुगमन सुदृढीकरण ।
- युवा तथा सीमान्तकृत समुदायको सहभागिता वृद्धि ।
- मानव अधिकार शिक्षा र संस्थागत सहकार्य विस्तार ।

८. निष्कर्ष

नेपाल मानव अधिकार संगठन (HURON) ले आर्थिक वर्ष २०८२/०८३ मा मानव अधिकार संरक्षण, लोकतन्त्रको सुदृढीकरण तथा सामाजिक न्यायका क्षेत्रमा विभिन्न कार्यक्रम र पैरवीमार्फत महत्वपूर्ण योगदान पुऱ्याएको छ । आगामी दिनमा अझ प्रभावकारी, परिणाममुखी तथा पीडितमैत्री कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता संगठन व्यक्त गर्दछ ।

प्रस्तोता

कल्याण पोखरेल

महासचिव,

नेपाल मानव अधिकार संगठन